नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले,दैलेख
कर्णाली प्रदेश,नेपाल

पत्र संख्या २०८०/०८१
च.न. 20

मिति: २०८०।०४।०५

श्री वडा कार्यालय सवै ।
नौमूले गाउँपालिका नौमूले,दैलेख

**विषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्र संख्या २०७९/०८०, चलानी नं. १९७, मिति २०८०/०३/२९ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा नियमावली २०७६ को नियम (९) बमोजिम आर्थिक बर्ष २०८०/०८१ का लागि २०८० भाद्र मसान्त भित्र सम्बन्धीत वडा कार्यालय मार्फत देहायको प्रक्रिया अपनाई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउन अनुरोध छ ।

देहाय

१. परिचयपत्र नवीकरणको समयवधि र प्रक्रियाकाबारे सम्पूर्ण लाभग्राहीलाई स्थानीय संचार माध्याम र सम्बन्धीत वडा कार्यालय मार्फत सुसुचित गराउने । परिचयपत्र नवीकरण नभएका लाभग्राहीको स्वत लगत कट्टा हुने व्यहोरा समेत जानकारी गराउने ।
२. परिचयपत्र नवीकरण गर्दा सम्पूर्ण लाभग्राहीको वैंक खाता अद्यावधिक गर्ने ।
३. लाभग्राहीको नागरिकता नं. जारी मिति, जारी गर्ने जिल्ला र तिन पुस्ते विवरण अद्यावधिक गरी नागरिकता प्रमाणपत्र स्क्यान कपी प्रणालीमा अपलोड गर्ने ।
४. प्रणालीमा लाभग्राहीको मोबाइल नं. अद्यावधिक गर्दा सम्बन्धीत लाभग्राहीको मोबाईल नं. राख्ने लाभग्राहीको मोबाईल नं. नभएको अवस्थामा निजको परिवार वा वास्तविक संरक्षकको मात्र मोबाईल नं. राख्ने ।
५. परिचयपत्र नवीकरण भए पछि नवीकरण गरिएको निस्सा सम्बन्धीत लाभग्राहीलाई उपलब्ध गराउने ।
६. कुनै लाभग्राही परिचयपत्र नवीकरण गर्ने समयवधि व्यतित भए पछि नवीकरणको लागि आएमा सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम निवेदन लिई प्रक्रिया अगाडि बढाउने ।

.....................
भुपेन्द्र शाही
नि.प्रमुख प्रशासकीय अधिकृत